# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal**


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ साउन ८ गते

**गोदार घटनाका दोषी माथि अझै कारबाही नभएकोमा आयोगको गम्भीर ध्यानाकर्षण,**

**यथाशीघ्र कारबाही नगरे दोषीको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा अभिलेख गरिने ।**

धनुषाका पाँच जना युवाहरुको बेपत्तापछि हत्या गर्ने दोषीहरुको पहिचान भइसकेपनि सरकारले उनीहरुलाई अझै कारबाही नगरेको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । धनुषाका सञ्जीवकुमार कर्ण, दुर्गेश लाभ, जितेन्द्र झा, प्रमोदनारायण मण्डल र शैलेन्द्रकुमार यादवको हत्या भएको १२ वर्ष पुग्न लाग्दासम्म दोषीमाथि कारबाही नगर्नु अत्यन्त दुखद मानिएको छ ।

सुरक्षाकर्मीद्वारा उनीहरुलाई २०६० असोज २१ गते पक्राउ गरी हत्या गरिएको थियो । सो घटनाको बारेमा आयोगले अनुसन्धान गरेर दोषी समेत पहिचान गरी २०६४ माघ १५ गते नेपाल सरकारलाई कारबाहीका लागि सिफारिश गरेपनि अझै कारबाही नहुनु दण्डहीनताको पराकाष्टा हो ।

आयोगको सिफारिश पछि पनि सरकारले घटना सम्बन्धी प्रमाण सङ्कलन गर्ने लगायतका कार्यमा उदासीनता देखाएपछि २०६७ साल भदौ र फागुन महिनामा विशेषज्ञहरूबाट आयोगको सक्रियतामा धनुषा जिल्लाको तल्लो गोदार स्थित कमला नदीको किनाराबाट शवोत्खनन् गरी उत्खननबाट प्राप्त अवशेष र प्रमाणहरूको वैज्ञानिक परीक्षण पश्चात उक्त स्थानमा प्राप्त भएका मानव अवशेषहरू उल्लेखित युवाहरुको भएको पुष्टि भई उनीहरूको शव २०७१ साउन ७ गते आफन्तहरूले बुझेर आफ्नो धर्म परम्परा बमोजिम दाहसंस्कार समेत भइसकेको छ ।

आयोगले नाम किटान गरेका दोषीहरू धनुषाका तत्कालीन प्रमुख जिल्ला अधिकारी रेवतीराज काफ्ले, क्षेत्रीय प्रहरी इकाई कार्यालय धनुषाका तत्कालीन प्रहरी उपरीक्षक डा. चुडाबहादुर श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय धनुषाका तत्कालीन प्रहरी नायव उपरीक्षक कुवेरसिंह राना र नेपाली सेना धारापानी (भिमान) धुनषा व्यारेकका तत्कालीन मेजर अनुप अधिकारीलाई अझैसम्म कानुनको दायरामा नल्याइनुले आयोगको सिफारिश र संवैधानिक प्रावधानको खिलाप हुन गएको छ । सशस्त्र द्वन्द्वको समयमा भएको यस घटनामा कारवाही प्रक्रिया अगाडि बढाउने कार्यमा सरकारले देखाएको निष्कृयताले पीडितको न्याय प्राप्तिको अधिकार गम्भीर रुपमा कुण्ठित भएको आयोगको निष्कर्ष छ । अतः तथ्य प्राप्त भई दोषी समेत किटान भइसकेको अवस्थामा कारवाही अगाडी बढाउने कार्यमा हेलचेक्र्याँई र वेवास्ता गर्ने कर्मचारीहरु तथा पदाधिकारीहरूको नाम नेपालको अन्तरिम संविधान २०६३ को धारा (१३२) को उपधारा २ को खण्ड (ज) बमोजिम मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख गर्ने प्रक्रिया अगाडि बढाउनु पूर्व सो घटनाका दोषामाथि कारबाही प्रक्रिया अगाडि बढाउन आयोग सरकारलाई आग्रह गर्दछ । १

वेदप्रसाद भट्टराई
का.मु. सचिव


**फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल**

**Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,**

**Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org**